# चुनावमा सहमति, चुनावी सरकारमा अलमल

भुवन केसी/तिलक पाठक

प्रकाशित मितिः२०६९ माघ १९

प्रमुख राजनीतिक दलहरुबीच सरकार गठन र निर्वाचनका विषयमा तीव्र मतान्तरका साथै आपसी अविश्वास र आशंका रह्यो । सत्तारुढ दलहरुको संयुक्त लोकतान्त्रिक गठबन्धनले आगामी जेठसम्ममा निर्वाचन गर्नुपर्ने र प्रधानमन्त्री बाबुराम भट्टराईको नेतृत्वमा नेपाली काग्रेस, एमालेलगायतका दलहरु सरकारमा आउनुपर्ने जिकीर गर्‍यो भने कांग्रेस, एमाले लगायतका प्रतिपक्षी दलहरुले भट्टराईको नेतृत्वमा चुनावी सरकार गठन सम्भव नभएको बताए । अनौपचारिक हिसावले सत्ता गठबन्धनबाट भट्टराईको नेतृत्व नभए स्वतन्त्र व्यक्तिलाई प्रधानमन्त्री बनाउने प्रस्तावलाई पनि विपक्षी दलहरूले अल्मल्याउने चाल भएको टिप्पणी गरे । माओवादी र सरकारका तर्फवाट चुनाव नगराइ सत्ता लम्बाउनका लागि विभिन्न प्रस्तावहरु आएको आशंका पनि विपक्षी दलहरूको रह्यो । बरू, राष्ट्रपति रामवरण यादवले सहमतिको सरकार गठनका लागि समयसीमा दिन छोडेपछि र सहमतिको सम्भावना पनि टर्दै गएपछि विपक्षी दलहरू आन्दोलनमा लागे ।

पुस १८ गते प्रधानमन्त्री भट्टराईले आफनो नेतृत्व स्वीकार नगर्ने हो भने अन्य राजनीतिक दल वा स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार गठन गर्ने विकल्प ल्याए । विपक्षी दलहरुले भने यो प्रस्तावलाई राजनीतिक बेइमानी र सत्ता लम्बाउने चालबाजी भएको बताए । त्यसको भोलीपल्ट दाहालले राष्ट्रपतिसँगको भेटमा पनि स्वतन्त्र व्यक्तिलाई प्रधानमन्त्री बनाउने प्रस्ताव गरे । कोइरालाको पक्षमा सहमति हुन नसकेको दाहालको भनाइ थियो । कांग्रेस र एमालेको बैठकले चाहिं स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार बनाउने माओवादी प्रस्तावलाई अस्वीकार गर्दै यो प्रस्ताव बैशाखमा निर्वाचन नगराउने षडयन्त्र भएको निष्कर्ष पनि निकाल्यो । र, आन्दोलनबाटै सरकार हटाउने कुरामा जोड दिए ।

दलहरु आ-आफ्नो मुद्दामा केन्द्रीत रहेका बेला राष्ट्रपति यादवले छलफललाई अघि बढाए । उनले छुटा-छुट्टै तथा सामूहिक भेटघाटमा नेताहरुलाई सहमतिमा पुग्न दबाब दिएपनि प्रगति भएन । राष्ट्रपतिले पुस २१ गते चार दलका शिर्ष नेताहरुसँग परामर्श गरे । नेताहरुले बैशाख⁄जेठसम्ममा निर्वाचन गर्ने बचन दिएपछि राष्ट्रपतिले सहमतिमा पुग्नका लागि दलहरुलाई पुन पाँच दिनको समय दिए । तर, सहमति भएन । त्यसपछि राष्ट्रपति यादवले पुस २७ गते संविधानसभामा रहेका दलहरुसँग छलफल गरी न्यूनतम सहमतिको बाटो र यथाशिघ्र नयाँ संविधान निर्माणको लागि संविधानसभाको निर्वाचनको प्रत्याभुति गर्न अपनाउनुपर्ने निर्णय प्रक्रिया र सहमतिमा मन्त्रीपरिषद् गठन गर्नुपर्ने कुरामा जोड दिए ।

दलहरुलाई नौ पटक समय दिँदा पनि सहमति नभएपछि त्यसबारे राजनीतिक दलहरुले नै प्रश्न उठाउन थाले । समय दिइरहने तर सहमति नभएपछि माघ २ गते राष्ट्रपतिले समयसीमा दिने प्रक्रिया बन्द गरे । त्यसै दिन तत्कालिन संविधानसभामा प्रतिनिधित्व गर्ने १८ राजनीतिक दलका नेता तथा प्रतिनिधिहरुले राजनीतिक सहमति कायम गरी प्रधानमन्त्रीको चयन र मन्त्रिपरिषद् गठन गर्ने प्रतिवद्धता ब्यक्त गरेको जनाउदै राष्ट्रपति कार्यलयले अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (१) बमोजिमको प्रक्रियालाई निरन्तरता दिने उल्लेख गर्‍यो । मिति नतोकेपनि अनौपचारिक रुपमा बढीमा सात दिनभित्र सहमति गरेर जेठको पहिलो हप्ताभित्र चुनाव गराउने वातावरण बनाउन राष्टपतिले जोड दिएका थिए

।[i] यसलाई कतिपयले राष्ट्रपति पछि हटेको रुपमा ब्याख्या गरे । तर, राष्ट्रपतिका प्रेस सल्लाहकार राजेन्द्र दाहालको भनाईमा 'राष्ट्रपति हिजो पनि अघि बढनु भएको होइन । आज पनि पछि हटनु भएको होइन । दलहरुले जे निकास दिने हो मेरो पनि त्यही हो भनेर दलहरुसँग रहँदै आउनुभएको छ ।'[ii] गत मंसिर ८ गतेदेखि दलहरुलाई समय दिँदै आएपनि सहमति नभएपछि राष्ट्रपति पनि समस्यामा परेका थिए ।

वार्ता र संवादबाट सहमति हुने र आन्दोलनबाट पनि तत्काल सरकार हटन सम्भावना कम भएपछि राष्ट्रपति सामु दुई विकल्प थिए : दलहरुलाई सहमतिका लागि दबाब दिइरहने वा आफैले कदम चाल्ने । राष्ट्रपतिले पहिलो विकल्पस्वरुप दलहरुवीचको सहमतिमा नै जोड दिइरहे । एमालेले राष्ट्रिय सहमतिका आधारमा भन्दा पनि तत्कालिन संविधानसभामा प्रतिनिधीत्व गर्ने दलहरुको बहुमतका आधारमा राष्ट्रपति अघि बढनुपर्ने निष्कर्ष निकाल्यो । कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले राष्ट्रपतिलाई सक्रिय हुन आग्रह गरे ।[iii] त्यस अतिरिक्त राष्ट्रपतिले हस्तक्षेप गर्नुपर्छ भन्ने आवाज पनि उठे । कांग्रेस सभापति सुशील कोइरालाले संविधानको संरक्षकको हैसियतले अघि बढ्न राष्ट्रपतिलाई सुझाव दिए । उनले माओवादी एकलौटी रुपमा अघि बढन खोजेकाले राष्ट्रपतिले संविधानको रक्षा गर्नुपर्ने बताउदै राजनीतिक र संवैधानिक जटिलताको निकासका लागि भूमिका खेल्न आग्रह गरे । राष्ट्रपतिले भने, 'म विवादमा पर्न चाहन्न । संविधान अनुसार जे जति गर्नुपर्ने गरिरहेको छु । निकास निकाल्ने काम ठूला दलको हो ।'[iv]

***सरकार र प्रतिपक्ष दुवै सडक संघर्षमा*** :सहमतिका लागि वार्तामा बस्दै आएका दलहरुले धेरै पहिलेदेखि आन्दोलन गर्ने धम्की दिँदै आएपनि माघ २ गते आन्दोलन गर्ने निर्णय गरे । र, दैलेखबाट आन्दोलन शुरु गर्ने घोषणा गरे । त्यसै दिन सत्तारुढ दलको गठबन्धनले संविधानसभा पुर्नस्थापनाको एजेण्डालाई ब्यँताउने र गठबन्धनको नीति र कार्यक्रमलाई प्रभावकारी बनाउन देशभर जनपरिचालन र जनप्रदर्शन गर्ने निर्णय गर्‍यो । यसरी सत्तापक्ष र विपक्षीहरु सडकमा जानका लागि होडबाजी गरेको देखियो । माघ ६ गते प्रतिपक्षीहरुले दैलेखबाट आन्दोलन शुरु गरे ।  माओवादी नेताहरु पार्टीका जिल्ला अधिवेशनका क्रममा जिल्ला-जिल्ला जान लागे पनि प्रतिपक्षी दलहरु सरकारप्रति आक्रमक हुँदै गए । काग्रेस सभापति कोइरालाले 'एकीकृत नेकपा माओवादी र वर्तमान सरकारको हालत राणा, राजा र पञ्चायती व्यवस्थाको जस्तै हुने'[v] चेतावनी दिए ।

यसै क्रममा प्रतिपक्षी दलहरुले प्रधानमन्त्री भट्टराईलाई दैलेख जान नदिने घोषणा गरे । प्रतिपक्षी दलहरुको चेतावनीका बाबजुद प्रधानमन्त्री माघ १० गते दैलेख पुगे । सत्ता पक्ष र प्रतिपक्षका कार्यकर्ताबीच झडप भयो । त्यसपछि सत्ता र प्रतिपक्षी दुवै झनै आक्रामक रुपमा प्रस्तुत भए । माओवादी अध्यक्ष दाहालले माओवादीलाई सिध्याउछु भन्नेहरु अत्तालिएको आरोप लगाए । प्रधानमन्त्री भट्टराईले चाहिं कार्यक्रम गर्न समेत नदिने भनेर विपक्षीहरुले लोकतन्त्रको उपहास गरेको बताए । माओवादी अध्यक्ष दाहालले विपक्षी दलहरुले मानसिक सन्तुलन गुमाएको आक्षेप लगाए ।[vi] 'दैलख घटनाबाट विपक्षी कांग्रेस, एमालेले भन्दै आएको लोकतन्त्र फासिष्ट सावित भएको'[vii] पनि उनले बताए । एमाले नेता नेपाल झनै आक्रामक रुपमा प्रस्तुत भए । उनले भने, 'माओवादीले भनेर मात्र जनताविरुद्ध राज्य शक्ति परिचालित हुँदैन । प्रचण्ड बाबुरामले पनि हेग छ भनेर हेक्का राख्नुहोस ।'[viii]

प्रतिपक्षी दलहरुले सरकारविरुद्ध देशका विभिन्न स्थानमा कार्यक्रम गरिरहेका बेला सत्तारुढ दलको गठबन्धनले माघ १७ गते राजधानीको खुल्लामञ्चमा जनजागरण कार्यक्रम गर्‍यो । गठबन्धनका

संयोजक दाहालले जेठ १५ गतेभित्र निर्वाचन गर्ने गरी सहमतिमा नआए प्रतिपक्षीहरुलाई ठूलो क्षति हुने चेतावनी दिए ।[ix] सत्ता पक्ष र प्रतिपक्ष दुवै गठवन्धन आन्दोलनमा रहेका वेला नेकपा-माओवादीले भने दुवै पक्ष  सत्ताका लागि मात्र आन्दोलनमा गएको निष्कर्ष निकाल्यो । र, आफुहरूले छुट्टै आन्दोलन घोषणा गर्ने पनि प्रष्टयायो ।

माघ ६ गते एकीकृत नेकपा माओवादीको जिल्ला अधिवशेनलाई सम्बोधन गर्ने क्रममा माओवादी नेताहरु निकै आक्रामक रुपमा प्रस्तुत भए । माओवादी अध्यक्ष दाहालले भने, 'बैशाख वा जेठ दोस्रो साताभित्र निर्वाचन होस् । हामी त्यहीबाट अगाडि बढन तयार छौ । तर, यदि कसैले हामीलाई त्यसो गर्न नदिए उनीहरुसँग गरिएका सम्झौताको सबै कागजहरु च्यातिनेछन ।'[x] त्यसको एमाले र कांग्रेसले प्रतिवाद गर्दै भने, 'फेरि पनि देश र जनताविरुद्ध धम्की दिए माओवादी आफै समाप्त हुन्छ ।'[xi] एकीकृत नेकपा माओवादीबाट अलग भएर गठन भएको नेकपा-माओवादीले पुसको अन्तिम साता राजधानीमा महाधिवेशन गऱ्यो । महाधिवेशनपछि बैद्यले उस्तै परे हतियार समेत उठाउने चेतावनी दिए । पार्टी कार्यदिशा जनयुद्धको जगमा जनविद्रोह स्पष्ट भएको भन्दै उनले भने, 'बन्दुक कसैको रहर होइन, आवश्यक परे त्यो समय आउँछ ।'[xii]

## ओझेल पऱ्यो संवैधानिक मुद्दा

***आयोग पदाधिकारीबिहिन*** : निर्वाचन गराउने मुख्य दायित्व रहेको निर्वाचन आयोग चाहिं यसवखत पदाधिकारीविहीन भयो । प्रमुख आयुक्तसहित पाँच जना आयुक्त रहने व्यवस्था भएपनि पुस २६ गते कार्यबाहक प्रमुख आयुक्त दोलखबहादुर गुरुङ र आयुक्त अयोधीप्रसाद यादवको छ वर्षे कार्यकाल सकियो जसका कारण निर्वाचन आयोग पूर्ण रुपमा पदाधिकारीविहिन भयो । राजनीतिक दलहरुबीच सहमति भइ अन्तरिम संविधान संशोधन हुन सक्ने स्थिति नभएपछि निर्वाचन आयोग पदाधिकारीविहिन हुँदै गएको हो ।

***अदालतमा न्यायाधीशहरु घट्दै*** : सर्वोच्च अदालतमा प्रधानन्याधीशसहित १४ जना न्यायाधीश हुनुपर्ने हो । तर, संसदीय सुनवाइको प्रावधान रहेकाले र त्यसका लागि संसद नरहेकाले न्यायाधीशको संख्या घट्न पुग्यो । अस्थायी न्यायाधीश प्रकाश वस्तीको म्याद माघ ८ गते सकिएपछि सर्वोच्चमा प्रधानन्यायाधीश खिलराज रेग्मी र न्यायाधीशहरु दामोदरप्रसाद शर्मा, रामकुमारप्रसाद शाह, कल्याण श्रेष्ठ, गिरिशचन्द्र लाल र सुशीला कार्की मात्र बाँकी रहे ।[xiii] जवकि सर्वोच्च अदालतमा करिव १५ हजार मुद्दा विचाराधिन छन् । त्यस्तै भ्रष्टाचार सम्बन्धी मुद्दा हेर्ने विशेष अदालतमा पनि न्यायाधीशको संख्या घट्यो । गत मंसिरमा विशेष अदालतका अध्यक्ष गौरीबहादुर कार्कीले अवकाश पाएका थिए । न्यायाधीश ओमप्रकाश मिश्र मुख्य न्यायाधीश भएर राजविराज जाने भएपछि विशेष अदालतमा केदारप्रसाद चालिसे मात्रै न्यायाधीशको रूपमा रहेका छन् । 'एक न्यायाधीशले सामान्य आदेश बाहेकका अन्य काम गर्न नपाउने भएकाले विशेष अदालतको काम कारवाही प्रभावित भएको हो ।'[xiv] विशेष अदालतमा एक सय ४८ वटा मुद्दा छन् । त्यसमध्ये भ्रष्टाचारका एक सय ३७, सम्पत्ती शुद्धिकरणका ९ र पुनरावेदनका ३ वटा मुद्धा रहेका छन् । एकजना न्यायाधीशले मात्र प्रकृयामा रहेका मुद्दाको थुनछेक आदेश र फैसला गर्ने स्थिति हुँदैन ।

## दण्डहिनताका नमुना

***ब्यूतिए सशस्त्र द्वन्द्वका घटना*** :मानव अधिकार, दण्डहिनता र प्रेस स्वतन्त्रतासँग जोडिएका दुईवटा घटना यो अवधिमा विशेष चर्चित रहे : पहिलो नेपाली सेनाका महासेनानी कुमार लामा बेलायतमा पक्राउ र दोस्रो दैलेखका पत्रकार डेकेन्द्र थापाका हत्यामा संलग्न भएकाको गिरफ्तारी । एक हिसावले भन्ने हो भने दण्डहीनता र संक्रमणकालिन न्यायलाई केन्द्रमा राख्दै न्दकालिन समयमा भएका मानवअधिकार उल्लंघनका घटनाको विषयमा छलफल र वहस सुरू भयो ।

**क) *लामा पक्राउ घटना :*** सेनाका महासेनानी कुमार लामा राष्ट्रसघीय मिसन अन्तर्गत सिनियर मिलिटरी लियाजनका अफिसरमा नियुक्त भइ दक्षिण सुडानमा कार्यरत थिए । उनी परिवारिक भेटघाटका क्रममा बेलायमा पुगेका बेला पक्राउ परे । युद्ध बन्दीलाई यातनाको अभियोगमा लामालाई बेलायतको प्रहरीले पुस १९ मा पूर्वी ससेक्सबाट पक्राउ गरेको हो ।[xv] 'माओवादी विरुद्ध परिचालित जिल्लास्थित तत्कालिन सुरक्षा फौजका कमाण्डर तथा शिव दल गणका गणपति लामाले शिवपुर १ का ३८ वर्षिय जनकबहादुर राउतलाई १७ दिनसम्म गैरकानूनी हिरासतमा राखेर चरम यातना दिएको जिल्ला अदालतले यस अघि नै ठहर गरिसकेको'[xvi] थियो । लामाको पक्राउप्रति सरकारले आपत्ति जनायो । परराष्ट्र मन्त्रालयले नेपालका लागि बेलायतका राजदूत जोन टकनटलाई बोलाइ लामाको गिरफ्तारीप्रति आपत्ति जनाएको हो । घटनाको एकीकृत नेकपा माओवादी, कांग्रेस, एमाले, नेकपा-माओवादी, राष्ट्रिय जनशक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका दलहरुले विरोध गरे । घटनाप्रति सेनाले दुख व्यक्त गऱ्यो ।[xvii] सरकार र राजनीतिक दलहरुले विरोध गर्दै रिहा गर्न दबाब दिइरहेका बेला लण्डनस्थित वेष्ट मिनिस्टर मेजिस्ट्रस कोर्टले लामालाई २० दिन थुनामा राखेर अनुसन्धान गर्न आदेश दियो ।[xviii]

| घटना | सरकार | एकीकृत माओवादी | नेपाली कांग्रेस | एमाले | अन्य |
|---|---|---|---|---|---|
| लामा पक्राउ | आपत्ति जनाउदै परराष्ट्रमार्फत वेलायती राजदुतलाई प्रोटेष्ट नोट बुझाएको/<br><br>पक्राउ अन्तर्राष्ट्रिय कानून र सार्वभौम मुलुकको क्षेत्राधिकारको सामान्य सिद्धान्त विपरित भएको | यो सर्वथा बेठीक छ । र,यसले गम्भीर संकेत गरेको छ । यस विरुद्ध सिङगो राष्ट्र एकजुट भएर जानुपर्छ । | प्रामाणिक आधार, कुनै सुचनाविना तथाकथित यातना दिएको भनी गरिएको गिरफतारी स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुकलाई स्वीकार्य हुन सक्दैन । | नेपाल राजनीतिक संक्रमणबाट गुज्रिहेको विशेष परिप्रेक्ष्यमा भएको यो गिरफ्तारी दुखद र दुर्भाग्यपूर्ण छ । | सेनाद्धारा दुख ब्यक्त/ राष्ट्रियजनशक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका दलहरुले विरोध । |
| डेकेन्द्र हत्या प्रकरण | द्वन्द्वकालका घटना उचाल्ने काम भइरहेको छ । यो शान्ति प्रक्रिया बिथोल्ने काम हो । २०५२ सालदेखि २०६३ सालसम्मको सशस्त्र द्वन्द्वका क्रममा भएका घटनाको छानबिन न अदालतले गर्न सक्छ न प्रहरीले नै । | द्वन्द्वकालका घटनाबारे सत्य निरुपण तथा मेलमिलाप आयोग गठनपछि मात्र छानबिन हुनुपर्छ । | सरकार प्रमुखवाट अभियुक्तको बयान रोक्न निर्देशन दिनु कानुनी राज्यको उपाहास हो । | 'पत्रकार थापाको बर्बर हत्याकोअनुसन्धानलाई प्रभावित गर्ने र दण्डहिनता एवं राजनीतिक अपराधलाई संस्थागत गर्ने प्रधानमन्त्रीको प्रयासलाई निन्दा र भर्त्सना'गर्दै त्यस्तो हरकत नगर्न चेतावनी । | दैलेख जिल्ला प्रशासनले जनयुद्दकालिन मुद्धाको नाममा पार्टी सदस्यहरुलाई गिरफतार गरेको, प्रहरीले गाउँहरुमा छापा मार्ने/गिरफ्तार गर्ने गरी आतंकित तुल्लयाएको छ । (नेकपा-माओवादी) |

***ख) पत्रकार डेकेन्द्र हत्या प्रकरण :*** लामा पक्राउको पक्ष/विपक्षमा बहस चलिरहेका बेला दैलखमा प्रहरीले पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न भएको आरोप लागेका मध्ये पाँच जनालाई पक्राउ गऱ्यो । 'पक्राउ पर्नेमा द्वारी-१ का ४५ वर्षिय लक्ष्मी धर्ती मगर, रानी- १ लामी डाँडाका ६० वर्षिय

जयबहादुर शाही, बालुवाटार-७ का ४२ वर्षिय बीरबहादुर केसी, सोही गाविस ९ का ४१ वर्षिय निरकबहादुर घर्तिमगर र द्वारी-३ का ५० वर्षिय हिरालाल पुन मगर छन् । बीरबहादुर केसी बाहेक ४ जना नेकपा-माओवादी समर्थक हुन् । पत्रकार थापाकी पत्नी लक्ष्मी थापाले दिएको किटानी जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय दैलेखले उनीहरुलाई पक्राउ गरेको हो ।[xix] पत्रकार थापाको हत्या ६ बर्षअघि भएको थियो । २०६१ साल असार १२ गते अपहरणमा परेका थापाको एक महिनापछि साउन २७ गते हत्या गरिएको थियो । अपहरण र हत्यामा संलग्नमा आरोपित भएकालाई प्रहरीले पक्राउ गरेको दिन नै नेकपा माओवादीले त्यसको विरोध गऱ्यो । त्यसको दुई दिनपछि प्रधानमन्त्री भट्टराईले द्वन्द्वकालमा भएका घटनाको सत्य निरुपण तथा मेलमिलाप आयोगबाट मात्र टुंगो लगाउनुपर्ने बताए । लगत्तै प्रधानमन्त्रीले बयान रोक्न दबाब दिए । त्यतिबेलासम्म प्रहरीले लक्ष्मीराम घर्ती मगरको मात्र बयान लिएको थियो । प्रधानमन्त्रीको अभिव्यक्ति र दबाबको नेपाल पत्रकार महासंघ लगायत विभिन्न संघसंस्था तथा राजनीतिक दलहरुबाट चौतर्फी विरोध भयो । सरकारले दोषीलाई संरक्षण गर्न खोजेको आरोप लगाउँदै पत्रकार महासंघ, प्रेस चौतारी नेपाल, नेपाल प्रेस यूनियनलगायतले मुलुकका विभिन्न स्थानमा प्रदर्शन गरे । पत्रकारले शुरु गरेको आन्दोलनमा काांग्रेस, एमाले, नागरिक समाजका केही अगुवालगायतले समर्थन गरे ।

विरोध र आन्दोलन भइरहेका बेला महान्याधिवक्ता  मुक्ति प्रधानले प्रक्रिया अघि नबढाउन भन्दै निर्देशन जारी गरे । उनले दैलेखका जिल्ला न्यायधिवक्ता र जिल्ला प्रहरीलाई ठाडो निर्देशन दिँदै अनुसन्धान रोक्न पत्र पठाए ।[xx] महान्यायधिवत्ताको कार्यालयले लिखित पत्र जारी गरेपछि हत्या आरोपीसँग बयान लिने काम रोकियो । उता, नेपाल बार एशोसियशनले पनि त्यसको विरोध गऱ्यो । यसैवीच सर्वोच्च अदालतमा रीट दायर भयो । सरकारले अनुसन्धान अघि नबढाउने प्रयास गरेपनि माघ २ गते सर्वोच्च अदालतले अनुसन्धानमा अवरोध नगर्न भन्दै अन्तरिम आदेश जारी गऱ्यो । महासंघले पत्रकार थापाको हत्याको अभियोग लागेकाहरुलाई अनुसन्धान प्रक्रिया अघि बढेको भन्दै पत्रकार महासंघले आन्दोलनका कार्यक्रम फिर्ता लियो ।[xxi] यसैवीच युरोपियन युनियनका प्रतिनिधिद्वारा माओवादी अध्यक्ष दाहाल र प्रधानमन्त्री बाबुरामसँग भेट गरी पत्रकार थापाको हत्याको अभियुक्तलाई उन्मुक्ति दिन खोजेको विषयमा ध्यानाकर्षण गराएका थिए ।

***हिंसा विरुद्ध अभियान:*** महिला हिंसाका विरुद्ध राजधानी र देशका विभिन्न स्थानमा अभियान नै चल्यो । *अकुपाइ बालुवाटार* नाम दिएर बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा गरिएको प्रदर्शनमा राजनीतिक दल, गैरसरकारी संस्था, अधिकारकर्मीका साथै विभिन्न पेशामा आवद्ध व्यक्ति सहभागी भए । सञ्चार माध्यममार्फत एकपछि अर्को महिला हिंसाका घटना सार्वजानिक भएपछि सरकारलाई दबाब पऱ्यो ।र, सरकारले प्रधानमन्त्री कार्यालयका सचिव राजुमानसिंह मल्लको संयोजकत्वमा महिला हिंसा विरुद्धको अनुगमन समिति गठन गऱ्यो ।[xxii] दोषीलाई कारवाही गर्ने प्रक्रियालाई पनि सरकारले सुरू गऱ्यो । अध्यागमन घटनामा नासु सोमनाथ खनाल, प्रहरी हवल्दार परशुराम वस्नेत विरुद्ध कारवाही चलायो भने शाखा अधिकृत टीका पोखरेल र रामप्रसाद कोइरालालाई निलम्बन गऱ्यो । बर्दियाकी शिबा हसामी घटनामा बाबु खान, हसिना हासमी, सिद्ध हासमीलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लियो । सरकारले प्रतिवेदनको सिफारिसअनुसार दोषीलाई कारवाही गर्ने प्रतिबद्धता जनाएपनि त्यसप्रति असन्तुष्टि जनाउँदै सरकार विरोधी प्रदर्शन भने जारी नै रहे ।

**निष्कर्ष :**

सत्तापक्षले प्रतिपक्षलाई र प्रतिपक्षले सत्तापक्षलाई चूनौती दिइ सडक आन्दोलनमा ओर्लिदा भिडन्तको राजनीतिले समेत ठाउँ पायो । सत्ता पक्ष सत्ता छोडन तयार नहुने, प्रतिपक्षीहरु वर्तमान नेतृत्वमा सरकारमा सहभागी हुनै नचाहने टकरावमै राजनीति केन्द्रित भयो । यस्तो स्थितीमा राष्ट्रपतिले आफू संविधानको दायराभित्र रहेर चल्ने भनी मुख्य दललाई सहमति गर्न भने जोड दिइरहे । तर, राष्ट्रपतिको यो प्रयासले पनि राजनीतिक निकासको बाटो स्पष्ट हुन सकेन । सहमति पनि नहुने र सडक दबाबबाट सरकार बदलिने अवस्था नरहेपछि राजनीतिक अन्यौल कायमै रह्यो । सहमतिका लागि थप समय दिन छोडेर राष्ट्रपति यादवले आफू एक कदम पछि हटेको सन्देश दिए जसले गर्दा राष्ट्रपति थप विवादमा पर्नबाट जोगिए । सहमतिको राजनीतिलाई जोड दिएपनि व्यवहारमा कांग्रेसले एकीकृत नेकपा माओवादी र एकीकृत माओवादीले कांग्रेसको नेतृत्वलाई निषेध गर्दा स्वतन्त्र व्यक्ति र अन्य विकल्पको खोजि सुरू भयो । यसले मुलुकको राजनीतिक द्वन्द्व व्यवस्थापनका लागि राजनीतिक दलहरु आफै सक्षम छैनन् भन्ने सन्देश समेत दियो । सातौं महाधिवशेनलाई लक्षित गरी एकीकृत माओवादीका नेताहरु आक्रामक रुपमा प्रस्तुत हुने र कांग्रेस-एमालेले त्यसमा प्रतिक्रिया मात्र जनाउँदा राजनीतिक रुपमा जनतालाई आतंकित पार्ने काम भयो । जसरी भएपनि निर्वाचन गर्नुपर्छ भन्ने कुरालाई राष्ट्रपतिदेखि दलहरु सबैले जोड दिए । तर, निर्वाचन गर्ने निकाय निर्वाचन आयोग नै खाली हुँदा त्यसप्रति भने गम्भीर भएनन् । घटनाक्रमलाई हेर्दा तत्कालै चुनावी सरकार गठन हुने संभावना देखिदैन ।

**मुख्य राजनीतिक घटनाक्रम**

**पुस १८:** प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा माओवादी र कांग्रेसले एकअर्कालाई स्वीकार गर्न नसक्ने भए तेस्रो विकल्पमा जान प्रस्ताव ।

**पुस १९:** कांग्रेस केन्द्रीय कार्य समितिको आकस्मिक बैठक । प्रधानमन्त्री भट्टराईको प्रस्ताव बैशाख जेठमा संविधानसभा निर्वाचन नगराउने षडयन्त्र भएको निष्कर्ष ।

**पुस २० :** एमाले स्थायी समितिको बैठक । स्वतन्त्र व्यक्तिको नेतृत्वमा सरकार गठन गर्ने माओवादी प्रस्ताव अस्वीकार गर्ने निर्णय ।

**पुस २१:** राष्ट्रिय सहमतिको सरकार गठनका लागि राष्ट्रपतिद्वारा पाँच दिनको समय थप ।

**पुस २५:** नेकपा माओवादीको सातौ राष्ट्रिय महाधिवेशन राजधानीमा शुरु ।

**पुस २६:** सहमतिका आधारमा प्रधानमन्त्री चयन गर्न राष्ट्रपतिद्वारा माघ १ गतेसम्म समय थप ।
निर्वाचन आयोग पदाधकारीबिहिन

**पुस २७:** राष्ट्रपतिद्वारा सर्वदलिय बैठक । न्यूनमत सहमतिको बाटो पत्ता लगाए छिटो भन्दा छिटो संविधानसभा निर्वाचनमार्फत संविधान निर्माण गर्नुपर्ने कुरामा जोड ।

**माघ २:** राष्ट्रपतिद्वारा विघटित संविधानसभामा रहेका दलहरुका नेताहरुसाग छलफल । प्रधानमन्त्रीको नाम दिनका लागि समयसीमा थप्ने काम बन्द ।

**माघ ३:** कांग्रेस पदाधिकारी बैठक । संवैधानिक र राजनीतिक संकटबाट मुलुकलाई निकास दिन आन्दोलनका लागि सबै संयन्त्र परिचालन गर्ने निर्णय ।

**माघ ६:** विपक्षी गठबन्धनद्वारा सरकारविरुद्ध दैलेखबाट सडक आन्दोलन शुरु ।

**माघ १७:** सत्तारुढ गठबन्धनद्वारा राजधानीको खुल्लामञ्चमा जनजागरण सभा ।

[i] नारद गौतम । सहमतिमा चुनावको वातावरण बनाउनुहोस । गोरखापत्र दैनिक, पृष्ठ १ । माघ ३, २०६९ ।

[ii] कुलचन्द्र न्यौपाने । राष्ट्रपतिले तोकेनन म्याद । कान्तिपुर दैनिक, पृष्ठ १ । माघ ३, २०६९ ।

[ii] शरदराज सुवेदी । विपक्षीदलहरु आन्दोलनमा । गोरखापत्र दैनिक, पृष्ठ १

[iii] अब राष्ट्रपतिले प्रम छान्नुपर्छ : पौडेल । गोरखापत्र दैनिक, पृष्ठ ३ । पुस २२, २०६९ ।

[iv] तीन दल दोषी : राष्ट्रपति । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस २३, २०६९ ।

[v] सरकारको हालत राणा,राणाभन्दा हुन्छ । गोरखापत्र दैनिक, पष्ठ १ । माघ १०, २०६९ ।

[vi]विपक्षीले मानसिक सन्तुलन गुमाए: प्रचण्ड । माघ १२, २०६९ । http://cmprachanda.com/?p=1712

[vii] काँग्रेस, एमाले फासिष्ट । माघ १२, २०६८ । http://cmprachanda.com/?p=1697

[viii] हेगको हेक्का राख्नुहोस । गोरखापत्र दैनिक, पृष्ठ १, माघ १४, २०६९ ।

[ix] कान्तिपुर टेलिभिजन । पुस १७, २०६९ ।

[x] लालप्रसाद शर्मा । नत्र सबै सम्झौता च्यातिन्छ । कान्तिपुर दैनिक, पृष्ठ १ । माघ ७, २०६९ ।

[xi] कान्तिपुर टेलिभिजन । माघ ८, २०६९ ।

[xii] बाबुराम भारतका इमान्दार ठेकेदार । कान्तिपुर दैनिक, पृष्ठ ३ । माघ ४, २०६९ ।

[xiii] भरतराज उप्रेतीले मंसिर १४ गते राजीना दिएका थिए भने बैधनाथ उपाध्याय, तर्कराज भट्ट, भरतबहादुर कार्की र कमल नारायण दासको म्याद मंसिर २०गते सकिएको थियो ।

[xiv] कुमार विवेकानन्द मिश्र । न्यायाधीश नहुँदा विशेष अदालतको काम प्रभावित । गोरखापत्र दैनिक, पष्ठ १ । माघ ७, २०६९ ।

[xv] देवेन्द्र भट्टराई । बेलायमा नेपाली कर्णेल पक्राउ । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस २०, २०६९ ।

[xvi] मनोज पौडेल । लामा पहिल्यै दोषी ठहर । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस २१, २०६९ ।

[xvii] नेपाली सेनाबाट दुख व्यक्त । अन्नपूर्ण पोष्ट, पृष्ठ ३ । फागुन २३, २०६९ ।

[xviii] कान्तिपुर टेलिभिजन । पुस २२, २०६९ ।

[xix] भक्तबहादुर शाही र कविराज विसी । पत्रकार थापाको हत्या अभियोगमा पाँच जना पक्राउ । गोरखापत्र दैनिक, पृष्ठ १ । पुस २२, २०६९ ।

[xx] धनश्याम खडका  । बयान रोक्न लिखित उर्दी । कान्तिपुर दैनिक, पृष्ठ १ । पुस २८, २०६९ ।

[xxi] नेपाल पत्रकार महासंघले जारी गरेको प्रेस विज्ञप्ति । पुस १६, २०६९ ।

[xxii] प्रधानमन्त्री कार्यालयका सचिव राजुमानसिंह मल्लको संयोजकत्वमा पुस १५ गते गठित समितिमा लैगिंक सशक्तिकरण इकाइका सल्लाहकार सपना प्रधान मल्ल, रेणुराज भण्डारी र देवी खडका, राष्ट्रिय महिला आयोगकी सदस्य मोहना अन्सारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका सहसचिव रमेश दाहाल, गृहमन्त्रालयका सहसचिव गणेशराज कार्की र महान्यायधिवक्ता कार्यालयका सहन्यायधीवक्ता ठोकप्रसाद शिवाकोटी थिए ।